# समाज लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samaj Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था)

(तिन जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : मलगंवा नगरपालीका-१०, मलगंवा, सलाही , फोन नं. ०४६ - ५२१७९५, फ्याक्स ०४६ - ५२१७९५
Email: info@samajlaghubitta.com.np, URL : www.samajlaghubitta.com.np

## छैठौ वार्षिक साधारण सभा सम्बन्धी सुचना

(दोश्रो पटक प्रकाशित मिति २०८१/०३/१०)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१ असार ०८ गते बेलुका ०४:०० मा बसेको सञ्चालक समितिको ११४ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छैठौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै शेयरधनि महानुभावहरुलाई उक्त साधारण सभामा उपस्थितिको लागि कम्पनी ऐन को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

**मिति :** २०८१/०३/३० तदनुसार १४ जुलाई २०२४ आईतवार

**स्थान :** जानकी फेमली होटल एण्ड पार्टि प्यालेस, मलंगवा, सर्लाही

**समय :** विहानको ११:३० वजे

**छलफलका लागी प्रस्तावित विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

१) सञ्चालक समितीको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी निर्णय पारित गर्ने।

२) बाहय लेखा परिक्षकले तयार पारेको लेखा परिक्षण प्रतिवेदन सहित २०८० असाढ मसान्तको बासलात तथा आर्थिक बर्ष २०७९/०८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण, सोहि अवधिको वित्तीय विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावहरु**

१) सर्वसाधारण समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नको लागी २ जना सर्वसाधरण (समूह ख) सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

२) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त अन्य "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरू एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ति (Acquisition) गर्ने वा शाखा खरिद गर्न समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षकहरू नियुक्त गर्ने तथा गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रचलित कानुन तथा निर्देशनहरू अनूरुप गर्नुपर्ने सम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरू पुरा गरी अन्तिम स्वीकृति लिई कार्यान्वयन गर्ने तथा सो सम्बन्धमा नियामक निकायहरूबाट निर्देशन गरे बमोजिमका विवरणहरू उपलब्ध गराउने लगायत आवश्यक सम्पुर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

**संचालक समितिको आज्ञाले,**
**कम्पनि सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१) छैठौ वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१ असार २० गतेदेखि २०८१ असार ३० गतेसम्म वित्तीयसंस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ असार १९ गतेसम्म कारोबार भई तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर रजिट्रार श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ बाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन्।

२) साधारणसभामा भाग लिनका लागि परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनुहुन सबै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ।

३) शेयरधनी दर्ता पुस्तीका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाईनेछ। कुनै कारणबस उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा यस वित्तीय संस्थाको वेभसाईट www.samajlaghubitta.com.np मा हेर्नहुन वा यस वित्तीय संस्थाको सूचना पाटी वा यस वित्तीय संस्थाको आधिकारीक सामाजिक संजाल फेसबुक पेज वा यसै सूचनालाई आधारमानी साधारणसभामा भाग लिन सक्नुहुनेछ।

४) साधारण सभामा भाग लिन प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। यसरी प्रतिनिधि नियक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा साधारण सभा सुरुहुनु भन्दा ४८ घण्टा आगावै बुझाइ सक्नु पर्नेछ। एक जना शेयरधनीबाट एक भन्दा बढि प्रतिनिधि नियुक्त गर्न सकिने छैन। तर एकजना भन्दा बढि प्रतिनिधि नियुक्त भएको देखिएमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी)लाई मान्यता दिईनेछ। कुनै प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिक्तम हद वा सिमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सिमा भन्दा बढि हुने छैन।

५) शेयरधनीले प्रतिनिधि नियुक्त गरिसकेपछि प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) बदर नगरी आफै साधारण सभामा उपस्थित भई हाजिर पूस्तिकामा दस्तखत गर्नुभएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ।

६) वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

७) संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रतिनिधि पत्र (प्रोक्सी) फाराममा संस्थाको छाप वा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ।

८) शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन १०:३० बजेदेखि सभा समापन नहुन्जेल सम्मको लागि खुल्ला रहनेछ।

९) उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी माहानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।

१०) सभामा आफ्नो मनतव्य वा जिज्ञासा व्यक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभाका सभापतिले तोकेको समयमा एक/एक गरी पालो/पालो आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गरि सहयोग गरिदिनहुन अनुरोध छ। उक्त प्रश्न वा जिज्ञासाको सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिईनेछ।

११) अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।